बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक

बैठक संख्या : ५१

आज मिति २०८१ साल साउन ३२ गते शुक्रबार दिनको १:०० बजे देहायका विषयहरुमा छलफल गर्न नगर प्रमुख श्री शान्तिरत्न शाक्यको अध्यक्षतामा निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिमं निर्णयहरु गरेको छ ।

## -:: उपस्थिति ::-

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | अनुपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | का.वा.सदस्य (वडा नं. ५) | श्री समिता थापा | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | का.वा. सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रबहादुर खड्का | उपस्थित |
| १३ | का.वा.सदस्य (वडा नं. ११) | श्री प्रताप कुमार थापा | अनुपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | का.वा वडाध्यक्ष |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव ( प्रमुख प्रशासकीय अधिकृत) | श्री भोला प्रसाद चापागाईं | उपस्थित |
| २६ | प्रशासकीय अधिकृत | श्री ध्रुवराज नेपाल | उपस्थित |

छलफलका विषयहरुः

१. बनेपा नगर अस्पताल नालाको डिपिआर संसोधन तथा श्रोत सुनिश्चितता सम्बन्धमा,
२. बनेपा नगरपालिकाका लागि एम्बुलेन्स खरिद सम्बन्धमा,
३. योजना सम्बन्धमा,
   - वडा तर्फ विनियोजित वडा कार्यालय तथा प्रशासनिक खर्च तर्फ विनियोजित बजेटबाट सञ्चालन गर्ने कार्यक्रम निर्धारण गर्ने सम्बन्धमा,
४. बनेपा नगरपालिका कार्यालय परिसरको जग्गा हाल साविक गर्नका लागि मालपोत कार्यालय र नापी कार्यालयमा अनुरोध गर्ने सम्बन्धमा,
५. बनेपा नगरपालिका वडा नं. १३ मा पर्यटन पार्क तथा बहुउद्देश्यीय खेल मैदान निर्माणका लागि गौचरण जग्गा प्राप्त गर्ने सम्बन्धमा,
६. क्लोथ एण्ड फुड बैंक नेपालबाट कपडा बैंक स्थापनाका लागि पेश गरेको प्रस्ताव सम्बन्धमा,
७. विभिन्न विधेयकहरु स्वीकृत गर्ने सम्बन्धमा,
८. घ वर्गको इजाजत पत्रका लागि माग निवेदन सम्बन्धमा,
९. विविध।

-:: निर्णयहरू ::-

| नि.नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| १ | गत बैठकको निर्णय समिक्षा सम्बन्धमा। | बनेपा नगरपालिका, नगर कार्यपालिकाको गत बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनको प्रगतिको सम्बन्धमा समिक्षा गरियो। |
| २ | बनेपा नगर अस्पताल नालाको डिपिआर संसोधन तथा श्रोत सुनिश्चितता सम्बन्धमा | बनेपा नगरपालिका वडा नं. ४ नालामा सञ्चालित नगर अस्पतालको भवन निर्माणार्थ बनेपा नगरपालिका वडा नं. ४ स्थित साविक उग्रचण्डी नाला वडा नं. ४ कि.नं. १०४ क्षे.फ. १८-१०-१-१ भएको सार्वजनिक जग्गा नेपाल सरकारबाट निशुल्क दीर्घकालीन लिजका रूपमा प्राप्त भएको हुँदा उक्त जग्गामा अस्पताल निर्माणका लागि यस अगाडी तहाँ मन्त्रालयबाट मिति २०७७।०९।२१ च.नं. ५०२ को पत्रानुसार डिपिआर स्वीकृत भएकोमा प्रस्तावित जग्गा प्राप्ति गर्न समय लाग्न गएको साथै प्राप्त भएको जग्गाको धरातलीय स्वरूप भिरालो प्रकृतिको समेत रहेकाले साविकमा स्वीकृत डिपिआरमा आवश्यक परिमार्जन गर्न वाञ्छनीय भएकाले सो बमोजिम डिपिआर परिमार्जन गर्न सहमतिका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो । |
| ३ | बनेपा नगरपालिकाका लागि एम्बुलेन्स खरिद | क) बनेपा नगरपालिका अन्तर्गत बनेपा आधारभूत नगर अस्पताल तथा स्वास्थ्य संस्थाहरूबाट प्रदानहुने स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउन एक थान एम्बुलेन्स अत्यावश्यक भएकाले कर छुटको सुविधा सहित एम्बुलेन्स खरिद प्रक्रिया अगाडी बढाउन जनस्वास्थ्य कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो । |

उपप्रमुख  प्रमुख

| नि.नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| | सम्बन्धमा | ख) बनेपा नगरपालिकाका लागि एक थान एम्बुलेन्स अत्यावश्यक भएकाले सहयोग गर्न मनकामना हार्डवेयर प्रा.लि. मा समेत अनुरोध गर्ने निर्णय गरियो । |
| ४ | वडातर्फ विनियोजित वडा कार्यालय तथा प्रशासनिक खर्च तर्फको रकमबाट सञ्चालन | वडातर्फ विनियोजित वडा कार्यालय तथा प्रशासनिक खर्च तर्फको रकमबाट वडाभित्र आइपर्ने आकस्मिक प्रकृतिका कार्यहरू समेत सञ्चालन गर्ने निर्णय गरियो । |
| ५ | बनेपा नगरपालिका कार्यालय परिसरको जग्गा हालसाविक गर्नका लागि मालपोत कार्यालय र नापी कार्यालयमा अनुरोध गर्ने सम्बन्धमा | बनेपा नगरपालिका कार्यालय परिसरमा रहेको नगरपालिकाको स्वामित्वमा रहेका विभिन्न कित्ता जग्गाहरू हाल साविक गर्ने सम्बन्धमा छलफल हुँदा बनेपा नगरपालिकाको नगर सभाको मिति २०८१।३।२६ मा सम्पन्न अधिवेशनबाट भएको निर्णयानुसार बसपार्क पूर्वतर्फको प्रवेश मार्गबाट गोदाम चोक तर्फ जाने सडकसम्म जोड्न आवश्यक जग्गा र बसपार्क पश्चिमतर्फको प्रवेश मार्गबाट नगरपालिका कम्पाउण्ड पश्चिम तर्फबाट सञ्चालित सडकसम्म जोड्न आवश्यक जग्गा सडकमा कायम गर्ने गरी बाँकी सम्पूर्ण जग्गा बनेपा नगरपालिकाकै नाममा रहने गरी हालसाविक गर्न मालपोत कार्यालय र नापी कार्यालय, काभ्रेपलाञ्चोकमा अनुरोध गर्ने निर्णय गरियो । |
| ६ | बनेपा नगरपालिका वडा नं. १३ मा पर्यटन पार्क तथा बहुउद्देश्यीय पार्क निर्माणका लागि गौचरणका रूपमा रहेको सार्वजनिक जग्गा प्राप्त गर्ने सम्बन्धमा | बनेपा नगरपालिका वडा नं. १३ मा पर्यटन पार्क तथा बहुउद्देश्यीय पार्क निर्माणका लागि नासिकास्थान वडा नं. ४क सिट नं. १२८१ मा पर्ने कि.नं. २४९ क्षे.फ. ६३-०-३-१/२ भएको गौचरणका रूपमा रहेको सार्वजनिक जग्गा प्राप्त गर्नका लागि प्रक्रिया अगाडी बढाई दिन बनेपा नगरपालिका वडा नं. १३ को वडा समितिबाट भएको निर्णय सहित उक्त वडा कार्यालयबाट अनुरोध भई आएका सम्बन्धमा छलफल हुँदा उक्त प्रयोजनका लागि उल्लेखित जग्गा प्राप्तिका लागि प्रक्रिया अगाडी बढाई दिन जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकमा अनुरोध गर्ने निर्णय गरियो । |
| ७ | क्लोथ एण्ड फुड बैंक नेपालबाट कपडा बैंक स्थापनाका लागि पेश गरेको प्रस्ताव सम्बन्धमा | बनेपा नगरपालिका क्षेत्रभित्र कपडा बैंक स्थापनाका लागि क्लोथ एण्ड फुड बैंक नेपालबाट पेश भएको प्रस्तावका सम्बन्धमा छलफल गर्दा हाललाई प्रस्तावित एक थान बक्सबाट सेवा प्रारम्भ गर्ने गरी सो प्रयोजनका लागि उक्त संस्थालाई रू. २,२५,०००। सहयोग गर्ने निर्णय गरियो । |

उपप्रमुख

प्रमुख

| नि.नं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| ८ | विभिन्न विधेयकहरू स्वीकृत गर्ने सम्बन्धमा | तपसिल बमोजिमका विधेयकहरू स्वीकृतिका लागि पेश भएका सम्बन्धमा छलफल हुँदा विधेयक समितिमा छलफल गरी सिफारिस सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।<br>क) शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०८१<br>ख) गैरसरकारी संस्था समन्वय, परिचालन तथा अनुगमन सम्बन्धी निर्देशिका,२०८१<br>ग) फोहोरमैला स्वव्यवस्थापन गर्न बनेको निर्देशिका, २०८१<br>घ) टोल विकास संस्था तर्ता, सञ्चालन तथा अनुगमन गर्न बनेको संक्षिप्त कार्यविधि, २०८१<br>ङ) नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०८० मा पहिलो संसोधन विधेयक, २०८१ |
| ९ | घ वर्गको इजाजतका लागि माग निवेदन सम्बन्धमा | बनेपा नगरपालिका वडा नं. ७ मा दर्ता भएको फुलबारी कन्स्ट्रक्सन प्र.लि. ले घ वर्गको इजाजतका लागि माग निवेदन गरेको सम्बन्धमा छलफल हुँदा उक्त प्रा.लि. लाई घ वर्गको इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो । |
| १० | अरनिको राजमार्ग स्तरोन्नतीका क्रममा क्षतिपुग्ने ढल प्रणाली तथा खानेपानी प्रणालीको पुनर्स्थापना एवं नयाँ प्रणाली विस्तारका लागि अनुरोध गर्ने सम्बन्धमा | सूर्यविनायक-धुलिखेल-सिन्धुली- बर्दिबास सडक विस्तार आयोजना अन्तर्गत अरनिको राजमार्ग स्तरोन्नतीका क्रममा बनेपा नगरपालिका क्षेत्रभित्र साविकमा रहेका ढल प्रणाली तथा खानेपानी प्रणालीमा क्षति पुग्नाका साथै राजमार्ग दायाँवायाँ विस्तार हुने वस्तीका लागि राजमार्ग विस्तार पूर्व नै ढल निकास तथा खानेपानी पाईपको व्यवस्था नभएमा उक्त बमोजिमका प्रणाली सञ्चालनमा बाधा उत्पन्न हुने भएकाले राजमार्ग स्तरोन्नती पूर्व नै साविकको ढल तथा खानेपानी प्रणाली सूचारू हुने व्यवस्थ् मिलाउन र थप क्षेत्रमा ढल निकास तथा खानेपानी पाईपहरूको निकासाको व्यवस्था मिलाउन आवश्यक भएकाले राजमार्ग स्तरोन्नती पूर्व नै उल्लेखित बमोजिमको प्रणाली व्यवस्थापनका लागि खानेपानी मन्त्रालय, खानेपानी तथा ढल निकास विभाग र सूर्यविनायक-धुलिखेल-सिन्धुली- बर्दिबास सडक विस्तार आयोजनामा अनुरोध गर्ने निर्णय गरियो । |
| ११ | औषधी खरिदका लागि दररेट स्वीकृत गर्ने सम्बन्धमा | बनेपा नगरपालिका अन्तर्गतका अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा औषधीको अभाव हुने भएकाले जिल्ला दररेट स्वीकृत भई नआएसम्म विभिन्न औषधी विक्रेता फर्महरूबाट प्राप्त दररेटका आधारमा अघिल्लो आर्थिक वर्षको दररेटमा नबढ्ने गरी दररेट स्वीकृत गरी अत्यावश्यक औषधी खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । |

उपप्रमुख

प्रमुख

| नि.नं. | छलफलका विषय | निर्णय |
| --- | --- | --- |
| १२ | सिगात्से नगरका प्रतिनिधि मण्डलको भ्रमण कार्यक्रम सम्बन्धमा | बनेपा नगरपालिकाको भगिनी सम्बन्ध रहेको मित्रराष्ट्र चीनको तिब्बत स्वायत प्रदेश स्थित सिगात्से नगरपालिकाको प्रतिनिधित्व गर्दै भगिनी सम्बन्ध स्थापना भएको २५ वर्ष पुगेको अवसरमा यसै वर्ष सेप्टेम्बर महिनामा बनेपा भ्रमणमा आउने प्रतिनिधि मण्डलका सम्बन्धमा जानकारी भयो । |
| १३ | गोशाइस्थान जात्रा व्यवस्थापनका लागि सहयोग सम्बन्धमा | बनेपा नगरपालिका वडा नं. ६ स्थित गोशाइस्थानमा सञ्चालन हुने जात्रा व्यवस्थापन तथा रंगरोगन प्रयोजनका लागि गोशाइस्थान संरक्षण समितिलाई पर्वपूजा शीर्षकबाट रू. १,००,०००। सहयोग गर्ने निर्णय गरियो । |
| १४ | आ.व. २०८०।०८१ को आय व्यय विवरण सम्बन्धमा | बनेपा नगरपालिकाको आ.व. २०८०।०८१ को अन्तिम आय व्यय विवरण (Oppening & Closing Balance) प्रस्तुत भयो । सो सम्बन्धमा २०८०।०८१ मा कुल रू. ३,४५,३२,७१४।६९ चालु आ.व. का लागि अ.ल्या. भई आएको व्यहोरा समेत जानकारी भई अनुमोदन गरियो । |

उपप्रमुख

प्रमुख